# किरात राईहरुको वृहत एकता-संघीय संगठनात्मक संरचनाको प्रस्ताव

**१. सम्बोधन** : आदरणीय बेलायतबासी किरात राई आमा-बाबा, दाजु-भाई तथा दिदी-बहिनीहरु, किराया बेलायत केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य ज्युहरु, सम्पुर्ण प्रारम्भिक कार्य समितिका पदाधिकारी सदस्य ज्युहरु, सम्पुर्ण भाषिक संस्थाका पदाधिकारी सदस्य ज्युहरु, सबै भात्रृ संस्थाका पदाधिकारी सदस्य ज्युहरु, सरोकारवाला सबै संस्था/समितिका पदाधिकारी ज्युहरु, संस्थाका बिशिष्ट संरक्षक सदस्य ज्युहरु, संरक्षक सदस्य ज्युहरु, सदस्य ज्युहरु लगायत किरात राई समुदायका अग्रज पुर्खाहरु, बौद्धिक वर्ग, लब्ध प्रतिष्ठित ब्यक्तित्व ज्युहरु सम्पुर्ण हार्दिक सेवा नमस्कार अभिवादन !

**२. भुमिका :** नेपालका प्राचीन जाति किरात राई संयुक्त अधिराज्य (बेलायत) मा स्थायी रुपमा बसोबास गर्न थालेको धेरै बर्ष भएको छैन । दुई देश (नेपाल र संयुक्त अधिराज्य) विच दौत्य सम्बन्ध स्थापित भएको भने दुई सय बर्ष नाघि सकेको छ । नेपालको कूटनीतिक सम्बन्ध स्थापित भएको पहिलो देश पनि बेलायतनै हो । सन् १८१६ मा नेपाल र भारतको तत्कालीन इष्ट इण्डिया कम्पनी सरकारबीच भएको सुगौली सन्धिसँगै बेलायत र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना भएको इतिहास पाईन्छ । किरात राईहरु कहिले देखि बेलायतमा बसोबास गर्न सुरुवात गरे/गरयौं ? यसका पछाडी नेपाल-ब्रिटेन विचको कूटनीतिक सम्बन्ध अनि गोर्खा भर्तीको के कस्तो भुमिका र सम्बन्ध रहेको छ भन्नेबारे सबैलाई थोरबहुत जानकारी भएकै कुरा हो ।

बहुभाषी एक पहिचान भएको नेपालका प्राचीन जाति (आदिवासी) किरात राई जातिको २८ भाषाहरु जीवित रहेको पछिल्ला विवरणहरु पाईन्छ । वर्तमान नेपालको काठमाण्डौ उपत्यका हुदै, पूर्व माझ किरातका रैथाने वा माझ किरात आबादीको केन्द्र विन्दुभै हाल आएर नेपालका विभिन्न स्थान लगायत विश्वभर फैलिएर बसोबास गर्दै आएका किरात राईहरुको, मूल उदगम थलो नेपालमै ठूलो जनसंख्या रहेको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा किरात राईहरुको जनसंख्या करिव सात लाख (अर्थात ६,२०,००४) रहेको पाईन्छ भने यो नेपालको कूल जनसंख्याको २.३% हिस्सा हो । नेपाल पछि धेरै किरात राईहरुको बसोबास रहेको देश भारत हो । नेपाल र भारत पछि किरात राईहरुको धेरै जनसंख्या भएको मुलुक बेलायत रहेको पाईन्छ । बेलायतमा पन्ध्र भन्दा धेरै भाषिक/थरी किरात राईहरु, करीव वीस/एक्काईस हजारको हाराहारीमा बसोबास गर्दै आएको अनुमान छ । सन २००४ मा स्थापना भएको किरात राई यायोक्खा बेलायत समग्र बेलायतबासी किरात राई समुदायको साझा प्रतिनिधि संस्था रहँदै आएको छ ।

**३. संस्थाको विद्यमान संगठनात्मक संरचना र द्वन्द्व व्यवस्थापन :** किरात राई जातिको साझा प्रतिनिधिमुलक संस्था किरात राई यायोक्खाको स्थापना ६ अगष्ट १९८८ मा भएको थियो । नेपालको तत्कालीन राजनीतिक उतार-चढाव, उथल-पुथल संगसँगै यो सामाजिक संस्था एक शक्तिको रुपमा उदय भएको पाईन्छ । जुन समय सापेक्ष अत्यावस्यक थियो । समयको मागसँगै गतिशिल बनेको संस्था विस्तार हुने क्रम पनि ब्यापक बन्दै गयो । यसै सिलसिलामा संबन्धन संस्थाको रुपमा किराया बेलायतको स्थापना भएको थियो । तर हाल आएर यसको फैलावटको आयतन भन्दा असन्तुष्टिहरुको आयतन ज्यादा फैलिएको र किरात राई जातिको बहु-भाषाको कारण अधिकतम असन्तुष्टि पैदा भएको पाईन्छ । खासगरी, किरात राई समुदाय भित्रका भाषिक/थरीहरुको समान विकासमा जोड नदिएको बरु सांस्कृतिक आत्मसातकरण (Assimilation) लाई बढावा दिएको भन्ने जस्ता असन्तुष्टिबाट उत्पन्न वादबिवाद अहिले यसको केन्द्रीय बिषय बनेका छन ।



*किरात राई यायोक्खा बेलायत कैन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

किरात राई समुदायको बहुभाषिक विशिष्टतासँग मेल नखाने किरात राई जातिको साझा प्रतिनिधिमुलक संस्थाको संगठनात्मक संरचना भएको र उत्पन्न धेरै असन्तुष्टिहरुको कारण यही संगठनात्मक संरचना भएको साथै यसले वर्तमान द्वन्द्वको समाधान पनि दिन नसक्ने धेरैको निस्कर्ष छ। बहुमतको निर्णय अनि श्रेणीगत सोच (Hierarchical Thinking) निर्माण गर्न प्रेरित गर्ने वर्तमान संगठनात्मक संरचनाले संकुचित सोच राखेर जबरजस्तीको एकता गर्न खोजेको देखिन्छ। दिल खोलेर मिल्नु, समान भावनाले एक हुनु भन्दा आखिरमा राई-राई भएकोले मिल्नै पर्ने साँघुरो मानसिकताको विकास यो संगठनात्मक संरचनाले निर्माण गरेको छ। जुन सामाजिक न्यायको दृष्टिकोणबाट सही होईन।

**४. विविधता सहितको एकता रोज्ने कि, विलयको एकता :** हाम्रो समाजमा उक्तिनै छ 'जस्तो रोप्यो त्यस्तै फल्छ'। राम्रो रोप्यो, राम्रै फल्छ। कागती रोपेर सुन्तला कहिल्यै फल्दैन। किरात राई जातिको साझा र प्रतिनिधि संस्थालाई देश गुणको भेष भन्दै कृतिम संगठनात्मक संरचना अनुकरण गराइए पछिनै सामाजिक द्वन्द्वहरु शुरु भएको पाईन्छ। खासगरी, विद्यमान संरचनाले एकात्मक प्रशासनिक प्रणाली निर्माण गर्दै, यसले धेरै अर्थमा एकल भाषिक/थरीको राष्ट्रियताको पैरवी गर्दै, अन्य भाषिक/थरीहरु माथि सांस्कृतिक आधिपत्य (Cultural Hegemony) जमाउन खोजेको र आखिरमा भाषिक विविधता मास्दै विलयमा एकता गराउन चाहेको धेरैको गुनासो रहेको छ। कतिपयले यसलाई भाषा विहिन बनाउने चालको रुपमा पनि व्याख्या गरेको पाईन्छ। यसरी धमिलो मुलबाट सङ्लो पानीको आशा कसरी गर्न सकिन्छ र। जस्तो रोप्यो त्यस्तै फल्छ भने जस्तै संस्थाको वर्तमान संगठनात्मक संरचनाबाट विविधता सहितको एकता खोज्नु मुर्खता हुनेछ।

किरात राई समुदायमा भाषिक विविधता सहितको किरात राईहरुको वृहत एकता रोज्ने हो भने, त्यसै अनुरुपको साझा प्रतिनिधि संस्थाको संगठनात्मक संरचना, प्रशासनिक विधि, शासन/नियम, व्यवस्थित समाज आदि निर्माण गर्न जरुरी छ। यसैकारण कागती रोपेर सुन्तला फल्दैन भनिएको हो। मानिस जुन संस्कृतिमा जन्मन्छ त्यसै अनुसार उसको सोचाई, बुझाई र भोगाई हुने साथै आफ्नो संस्कृतिलाई निरन्तरता दिने मानिसको चेतनाको कारण किरात राई बहुभाषिक समुदाय भित्र प्रत्येक भाषिक/थरीको प्रतिरोध क्षमतामा विकास सहित सकरात्मक ध्रुविकरण बढेको पाईन्छ। यसले मानिसहरुको विविधताको चाहानालाई प्रतिविम्वित गर्दछ। तसर्थ अब विविधता (बहुभाषिक) सहितको वृहत एकता, किरात राई जातिको साझा प्रतिनिधि संस्थाको संगठनात्मक संरचनामा रुपान्तरण गरी संघीय संगठनात्मक संरचना आत्मसात गर्दा मात्र त्यो प्रतिफल सम्भब छ।

**५. संघीय संगठनात्मक संरचनाको प्रस्ताव किन** : सर्व प्रथमतः भाषिक विविधता सहित किरात राईहरुको वृहत एकता रोज्ने हो भने विद्यमान संस्थाको संगठनात्मक संरचना र त्यससँग जोडिएका विविध पक्षहरुले त्यसो हुन दिदैन। त्यति मात्र नभई किरात राई जातिको साझा संस्थाको विद्यमान संगठनात्मक संरचनाले अहिलेका सामाजिक द्वन्द्वहरुको व्यवस्थापन गर्न पनि सक्दैन। तसर्थ किरात राई इन्द्रेणी समाजको प्रतिविम्बन, किरात राई जातिको साझा प्रतिनिधि संस्थाको संघीय संगठनात्मक संरचनाले मात्र गर्न सक्दछ भने वर्तमान द्वन्द्वको व्याबस्थान पनि यसले गर्ने साथै भविस्यमा द्वन्द्व न्यूनिकरण समेत गर्ने भएकोले संघीय संगठनात्मक संरचनाको प्रस्ताव गर्नु परेको हो। जसले आम सहमतिको जगमा किरात राई सबै भाषिक/थरीको समानुपातिक प्रतिनिधित्व सहित महिलालाई समान अधिकारको सुनिस्चित गर्दछ। यसैले किरात राई समुदायको साझा प्रतिनिधि संस्था मार्फत यो जातिको मौलिक स्वरुप प्रतिविम्वित समेत गर्नेछ।

**६. बिजुवा धामी झाँक्री वचाउ :** किरात राई जातिको साझा प्रतिनिधि संस्थाको प्रस्तावित संघीय संगठनात्मक संरचना भित्र **मुन्धुम (धर्म) परिषद**को कल्पना गरिएको छ। किरात राई जातिको पहिचान र अस्तित्वसँग जोडिएको **मौलिक किरात (राई) धर्म** संरक्षण, संवर्द्धन गर्ने अर्को कुनै स्वतन्त्र संस्था तथा निकाय छैन। तसर्थ यो मुन्धुम (धर्म) परिषदको कल्पना हाम्रो आफ्नै आस्था र विस्वासमा आधारित मौलिक परिकल्पना हो। भुईफुट्टा (विद्वान) विजुवा धामी झाँक्री साथै प्रशिक्षित कूल पुजारीको संरक्षण वा वचाउ गर्नु यसको प्रमुख उदेश्य रहेको छ। भने यस मार्फत **किराती दर्शन मुन्धुममा आधारित प्राचीन मौलिक किरात (राई) धर्मको रक्षा** गर्नु पनि रहेको छ। किरात राई जातिको साझा संस्था यही उदेस्यका साथ स्थापित हुनु पर्थ्यो। विशेषगरी जातिय संस्था भएकोले यसैले प्राथमिकता पाउनुका

साथै सबैको ध्यान त्यतै केन्द्रित हुनु पर्थ्यो । तर अन्धविश्वास र पछौटेपनसँग यसलाई जोडेर हेर्ने अनि उनिहरुलाईनै बल पुग्ने गरी दृष्टिकोणहरु निर्माण गर्नाले हाम्रा संस्कार संस्कृतिहरु लोप भएर जाने जोखिम बढोको छ । विजुवा धामी झाँक्रीको रक्षा हाम्रो धर्मको रक्षा हो, अस्तित्वको रक्षा हो भनेर बुझ्न बुझाउन अनि यसको प्रशंसा अथवा महिमा गान (Glorify) गाउन सकिरहेका छैनौ । सिंगो किरात राई जातिको अस्तित्वसँग जाडिएको विषय प्राथमिकतामा नपर्नु ज्यादै दुःखद कुरा मात्र नभई आफ्नै भविस्यमाथिको खेलवाड पनि हो ।

**७. सोचमा परिवर्तन :** किरात राई जातिको साझा प्रतिनिधि संस्था किरायाको अहिले सम्मको इतिहासलाई केलाएर हेर्ने हो भने यसले निर्माण गर्न खोजेको विचार, दिन खोजेको किरात राईहरुको एकताको आधार आदि थुप्रैमा त्रुटिहरु फेला पार्न सकिन्छ । नितान्त जातिय सामाजिक संस्थाले समुदायभित्र स्थायी वर्ग निर्माण गर्न खोजेको देखिन्छ । जन्मजात वर्ग विहिन जाति भित्र साझा संस्था मार्फत सबैको हित नगर्ने र हिनताबोध गराउने प्रकारको वर्ग व्यवस्था प्रवेश गराउन खोज्नु आफैमा गलत छ । एउटै किरात राई जाति भित्र पनि बहुभाषिक र विविध थरी हाम्रो पहिचान हो । एउटै किरात राई जातिको बहुपहिचान यो जातिको अदितिय विशेषता हो । तसर्थ हामी किरात हौ, राई हौ, बान्तवा हौ, कुलुङ हौ, चाम्लिङ हौ अथवा २८ भाषिक सबै हौ । हामी किरात मात्र हौ भन्नु, राई मात्र भन/लेख भन्नु संकुचित सोच हो र यो किरात राई जातिको एकताको आधार हुनु हुदैन । किरात राई भएकोले एक हुनुपर्छ भन्नु पनि संकीर्ण सोच हो । म, तपाई/हामीमा जे-जे भिन्नता/समानता छन त्यसलाई स्वीकार्ने र परस्पर आदर सम्मान सहितको वृहत सोच अनि स्वच्छ भावनाबाट, स्वस्थ सम्बन्ध र साझा संकल्पका साथ प्रतिनिधि संस्थाको निर्माण गरिनु पर्दछ साथै किरात राईहरुको वृहत एकताको जग/आधार यसैलाई बनाईनु आजको आवस्यकता हो ।

**८. वृहत एकता-विधिको प्रशासन (शासन) :** बाहिरी सांस्कृतिक अतिक्रमण, किरात राई जाति माथि हुने सबैखाले थिचोमिचो, विभेद (जातिय भेदभाव) र आक्रमण विरुद्ध एक हुन आवस्यक छ । हामी यस्तो जाति हौ भनेर संसारलाई आफ्नो परिचय दिनलाई पनि एकता आवस्यक छ । एकतानै बल हो । र यस प्रकारको वृहत एकता किरात राई जातिको साझा संस्थाको संगठनात्मक संरचनामा परिवर्तन गरेर सम्भव छ । समता अथवा सामाजिक न्यायमा आधारित संगठनात्मक संरचना, त्यसै प्रकारको प्रशासनिक प्रणाली र सामाजिक व्यवस्थामा मात्र विधिको प्रशासन सम्भव छ । दुनियामा धेरैखाले शासक प्रशासकहरुको (शासन प्रणलीको) भयानक अन्त्य भएको इतिहास छ । त्यस कारण आजको युगका विवेकशील मानवलाई विधिले मात्र शासन (प्रशासन) सम्भव छ । किरात राई जातिको साझा संस्थाको प्रस्तावित संगठनात्मक संरचनामा; सबै भाषिकको समानुपातिक प्रतिनिधित्व, आलोपालो नेतृत्व प्रणाली, पोर्टफोलियो सदस्यमा एक भाषिक एक पद नीति, समान अवसर, समान विकास र आम सहमतिय निर्णय प्रणली आदि विधिको शासनका केही आयामहरु हुन ।

**९. दर्विलो आन्तरिक राष्ट्रियताको भावना :** एउटै जातिमा २८ भन्दा बढी भाषाहरु बोलिनु (हुनु) गर्वको कुरा हो । भाषा पहिचानको आधार र विचार आदान-प्रदानको आधार मात्र नभई ज्ञान निर्माण/हस्तान्तरणको माध्यम पनि हो । आज हामीमा भएको ज्ञान हाम्रा पुर्खाहरुबाट यिनै भाषाहरुको माध्यमबाट हस्तान्तरित भएका हुन । तर किरात राई जातिको साझा प्रतिनिधि संस्थाले अख्तियार गरेको विद्यमान संगठनात्मक संरचनाले कहि न कही धेरै भाषा भएकोलाई विकासको वाधक, किरात राईहरुको एकताको बाधक मानेको पाईन्छ । यो ती भाषाहरु प्रति असहिष्णु व्यवहार मात्र नभई ती हाम्रै पूर्वज/पूर्खाहरु प्रतिको अपमान पनि हो ।

अवको केही बर्षमा/दशकमा किरात राई भाषाहरु सकिन्छन रहँदैनन अथवा अर्को पुस्तामा हस्तान्तरण हुदैन र प्राय सबै भाषा मर्छन भनेर अहिले पछुतो गर्दै अनुमान/भविष्यवाणी गर्नु भन्दा किरात राई जातिको सबै भाषाहरु कसरी बचाउने, उनिहरुको समान विकासमा टेवा कसरी पुर्‍याउन सकिन्छ भनेर चिन्तन-मनन सहित सम्भव भए जति सबै उपायहरु अवलम्बन गर्दै, सोही अनुरुप कामहरु गर्दै जाने हो । र यो एक प्रकारले हाम्रा पूर्वजहरु/पित्रीहरु/पूर्खाहरु प्रति असली सम्मान हो । उनिहरुको ज्ञान र चेतनालाई पकड्ने कोशिश पनि हो । यसरी हामी किरात राई समुदायको साझा प्रतिनिधि संस्था मार्फत सबै भाषिक समुदायसँग एकता/साझेदारी/सहकार्य गर्न सक्यौं भने मात्र हामी सबै एक हौ भन्ने भावनाको विकास हुनेछ । आफै प्रति, आफु बाहेक अन्य भाषिक समुदाय प्रति आत्मियता र अपनत्व सहित जुन प्रकारको स्वच्छ/स्वस्थ भावनाको विकास हुन्छ त्यसैले मात्र हाम्रो वास्तविक एकता सहित दर्विलो



*किरात राई यायोख्खा बेलायत केन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

आन्तरिक राष्ट्रियता निर्माण गर्नेछ । र यसले मात्र किरात राई जातिको साझा प्रतिनिधि संस्थाको उदेस्य प्रसन्न सहजीवन (Symbiosis) को उदेस्य पुरा गर्नेछ/हुनेछ ।

धन्यवाद ! सेवा !

समाप्त

मिति : ६ डिसेमबर २०२०




किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति
www.kryuk.org
Email : kiraya.uk@gmail.com